# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०९।२४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत र शैक्षिक प्रमाणपत्र नक्कली सम्बन्धी ८(आठ) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०९।२१ र २२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधार |
|---|---|---|---|---|---|
| १. | प्रतिवादी रामविश्वास राय यादव (वि.अ. को मु.नं. (०७७-CR-०००६) फैसला मिति २०७९।०३।३१ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. राम विश्वास राय यादवले भ्र.नि ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा विगो रु.५,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन। | **फैसलाः** प्रतिवादीलाई सफाई ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीले अदालतमा कसूरमा इन्कारी बयान गरेको,<br>• प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराएको नोटहरु स्टिङ्ग अपरेनद्वारा प्रतिवादीकोसाथबाट बरामद भएकोमा अधिवक्ता विष्णुप्रसाद घिमिरे विरुद्ध सघीय संसद, काठमाडौ भएको ०७४-WC-००२० रीट निवेदनमा भएको निर्णयादेशबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भैसकेको हुँदा वरामदी मुचुल्का प्रमाणग्राह्य नभएको।<br>• स्कृप्ट राईटिङ्गको व्यहोरा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्था नरहेको,<br>• उजुरवालामध्येका शैलेन्द्रकुमार महतो अदालत समक्ष उपस्थित भई बकपत्र नगरेको। अर्को उजुरवाला सोभिता साहले प्रतिकुल बकपत्र गरेको देखिँदा निजहरुको उजुरी व्यहोरा प्रतिवादीका विरुद्धमा प्रमाणग्राह्य देखिएन,<br>• प्रतिवादी उपर लगाइएको आरोपदावी वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेको। | • प्र.ले मौकामा कसूरमा सावित रहेको र अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो साथबाट उक्त घुस/रिसवत वापतको वरामद भएकोमा सावित रहेको,<br>• रंगेहात नमूना परीक्षणमा मुचुल्कामा खानतलासी बरामदी मुचुल्का एवं रकम बरामद भएको भनी गरेको सनाखत कागज समेतबाट प्र.ले वारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्र.ले आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको।<br>• प्रस्तुत मुद्दामा नबुझी नहुने साक्षी उजुरी निवेदक मध्येका शैलेन्द्रकुमार महतोलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• **"अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नहुने भनी।"** (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २. | प्रतिवादी सरोज कुमार यादव (वि.अ. को मु.नं. (०७६-CR-०२२७) (को फैसला मिति २०७९।०३।०२ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको । | प्र. प्रतिवादी सरोज कुमार यादवले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर अपराधको उद्योग गरेको देखिँदा बिगो रु.१५,०००।- (पन्ध्र हजार) कायम गरी आरोपित सरोज कुमार यादवलाई भ्र.नि. ऐन, २०५९ को दफा २१ मा उल्लिखित भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको सजायको आधा सजाय हुन। | **<u>फैसलाः</u>** प्रतिवादीलाई सफाई ।<br><br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीले अदालतमा झुठ्ठा आरोपदावीबाट सफाई पाउँ भनी कसूरमा इन्कारी बयान गरेका,<br>• प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ अन्तर्गत कसूर गरेको भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन नआएको,<br>• उजुरी निवेदक मखमली राना मगरलाई बकपत्रको लागि वादीले अदालतमा उपस्थित गराई अनुसन्धानको कागज सनाखत गराउन सकेको नदेखिदाँ निजले अनुसन्धानमा गरेको कागज प्रमाण ऐन, २०३१ को दफा १८ समेतका आधारमा प्रमाणमा ग्रहण गर्न मिलेन,<br>• प्रतिवादी उपर लगाइएको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले । | • प्र.ले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि प्र.को पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएको,<br>• उजुरी निवेदक र प्रतिवादी विच भएको टेलिफोन संवादको अडियो डी. भी. डी. र सोको स्क्रिप्ट राईटिङ्ग समेतबाट प्रतिवादीले घुस/रिसवत रकम बार्गेनिङको गरी अन्त्यमा रु. १५,०००। उजुरी निवेदक मखमली राना मगरलाई रकम लिई सिद्देश्वर माध्यमिक विद्यालयको परिसरमा आउन भनी बोलाई रहेको देखिएको,<br>• प्र.ले निवेदकबाट पेश भएको अडियो मैले सुनिपाए, अडियो रेकर्डहरुमा निवेदकसँग बोल्ने व्यक्ति म नै हो उक्त अडियोमा भएको आवाज मेरो हो भनि प्र.ले सनाखत कागज समेत गरी दिएबाट समेतबाट वारदात पृष्टि भएको,<br>• प्रस्तुत मुद्दामा नबुझी नहुने साक्षी उजुरी निवेदक मखमली राना मगरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ३. | प्रतिवादीहरु समिर भन्ने धनबहादुर तामाङ्ग र रामान्द चौधरी (वि.अ. को मु.नं (०७७-CR-००५१) वि.अ. को फैसला मिति २०७९।०३।३० | घुस/ रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको। | प्र. समिर भन्ने धन बहादुर तामाङ्गलाई बिगो रु.२८,५००।— कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३को उपदफा (१) को देहाय (ख) बमोजिम जरिबाना र कैद सजायँ हुन र प्र. रामानन्द चौधरीले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको बिगो रु.१६,०००।—(सोह्र हजार) कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिबाना र कैद सजाय हुन। | **<u>फैसलाः</u>** दुवै प्रतिवादीलाई सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रस्तुत मुद्दामा उजुरकर्ताले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिई आयोगको नियमावली २०५९ को नियम ३० बमोजिम घुस/रिसवतको रकम निवेदकलाई उपलब्ध गराई तिनै नोट प्रतिवादीका साथबाट वरामद गरेको र उक्त वरामदी सम्बन्धमा सर्वोच्च अदालतबाट ०७४-WC-००२०, विष्णु प्रसाद घिमिरे विरुद्व संघीय संसद, नयाँ बानेश्वर, काठमाडौं समेत भएको निवेदनमा उक्त नियम ३० अमान्य र वदर भएको,<br>• वरामदी मुचुल्का तथा त्यससँग सम्बन्धित साक्षी वकपत्र प्रमाण ग्राह्य नभएको,<br>• प्रतिवादीहरुले अदालतमा बयान गर्दा समेत | • प्र.हरुले मौकामा अनुसन्धान अधिकारी समक्ष बयानमा आरोपित कसूरमा सावित रही बयान गरेका। अदालतमा प्र.हरुले आरोपित कसूरमा इन्कार रहि बयान गरेतापनि प्र. मध्येका रामान्द चौधरीले बरामद रकम राजश्व सेवा शुल्क वापत उजुरी निवेदकसगँ रकम लिई प्रतिवादी समिर भन्ने धनबहादुर तामाङलाई दिएको हो भनी बयान गरेका।प्रतिवादी समिर भन्ने धनबहादुर तामाङ्गले आफ्नो साथबाट रकम बरामद भएकोमा सावित रहेको र प्र.हरुले पानीमा हात धोएको पानी बैजनी रातो (LIGHT PINK TO VIOLET RED) रंगमा परीणत भएकोले भन्ने समेत व्यहोराको रंगेहात नमूना संकलन मुचुल्का समेतबाट प्र.हरुले निवेदकसँग रकम माग गरी घुस/रिसवत लिई बारदात घटाएको पुष्टि भएको,<br>• प्र.रामन्द चौधरी र उजुरी निवेदकवीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको ।<br>• प्रस्तुत मुद्दामा नबुझी नहुने साक्षी उजुरी निवेदक दिनेश भट्टलाई मुलुकी फौजदारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आरोपित कसूरमा इन्कार रही बयान गरी आफ्नो साक्षीको बकपत्र समेतबाट समर्थित गराएको,<br>• उजुरवाला दिनेश भट्टलाई अदालतबाट बकपत्रका लागि उपस्थित गराउन आदेश हुँदा वादी पक्षले उजुरवालालाई उपस्थित गराई बकपत्र गराउन सकेको नदेखिँदा निजको उजुरीलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिन सकिने स्थिति रहेन,<br>• स्क्रिप्ट राइटिङमा प्रतिवादी रामानन्द चौधरी र उजुरवाला दिनेश भट्टकाबीचमा भएको सम्वादमा अहिले रु.७,५००।- दिनु भनेको देखिन्छ। त्यसबाहेक घुस /रिसवत माग गरेको र सो नभए काम हुँदैन भनेको देखिँदैन,<br>• प्रतिवादीहरु उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिदैन । | कार्यविधि संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्र.हरुलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का समेतबाट प्र.हरुको मिलोमतो र योजनामा वारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ४. | प्रतिवादी विस्ना कुमारी साउद (वि.अ. को मु.नं. (०७६-CR-०३९२) वि.अ. को फैसला मिति २०७९।०६।२५ | झुट्टा विवरण पेश गरी नपाएको ओहदा ग्रहण गरी भ्रष्टाचार गरेको। | प्र. बिस्ना कुमारी साउदले भ्र.नि. ऐन, २०५९ को दफा १५ र सोही ऐनको दफा १६ को उपदफा (१) अनुसारको भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादी विस्ना कुमारी साउदलाई भ्र.नि. ऐन, २०५९ को दफा १५ र सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिमको दण्ड सजाय हुन। | **फैसला:** प्रतिवादीलाई सफाई।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• शिक्षक सेवा आयोगको अस्थायी करार सूचिमा प्रकाशित नाम आफ्नै हो भन्ने भ्रम परेको भन्ने प्रतिवादीले आफ्नो बयानमा उल्लेख गरेको,<br>• प्रतिवादीले मनसायपूर्वक आफ्नो नाम थर, शैक्षिक योग्यता ढाँटी वा झुट्टा विवरण दिई शिक्षक पदमा निवेदन दिई लाभ लिएको देखिएन,<br>• प्रतिवादीले दावीको कसूर गर्ने मनसाय र बदनियत राखेर नियुक्ति लिएको तथ्य वादी पक्षले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिएन।. | • प्र. विस्ना कुमारी साउदले अनुसन्धान अधिकारी र अदालत समक्ष बयान गर्दा आरोपदावी कसूरमा इन्कार रही बयान गरेतापनि "शिक्षक सेवा आयोगको करारसूचीको १६ नम्वरमा रहेको विस्ना साउद रो.नं. ७७३५००१३१४ मेरो होइन, करार सूचीमा विस्ना साउद नाम देखें र प्रवेश पत्र नै हराएकोले मेरै होला भनेर राष्ट्रिय मा.वि. पहरियामा निवेदन गरेको र नियुक्ति लिएको हुँ, स्वयं विस्ना साउद राष्ट्रिय मा.वि.मा आएको र उहाँको प्रवेश पत्र सहितको प्रमाण कागजहरु करार सूचीको रो.नं. र प्रवेश पत्रमा मिल्दा ऊ नै सक्कली भन्ने थाहा भयो भनी बयान गरे समेतबाट वारदात पुष्टि भएको,<br>• प्र. ले आ.व. २०६९।७० मा शिक्षक सेवा आयोगको परीक्षामा सम्मिलित भई परीक्षा दिएको कुनै पनि प्रमाण छैनन्। मैले अर्काको नाममा जागिर खाएको हो भनी मौका र अदालत समेतमा बयान गरेको आफू उक्त शिक्षक सेवा आयोगको परीक्षामा सामेल भएको भ्रम परी शिक्षक नियूक्ति लिएको भनी आफ्नो बयानमा उल्लेख गरेतापनि सो सम्बन्धी कुनै प्रमाण समेत पेश गर्न नसकेबाट प्रतिवादी जानीजानी मसायपूर्वक शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा नाम रहेको मेरै हो भनी झुट्टा विवरण दिई सरकारी पद प्राप्त गरी लाभ लिई वारदात घटाएको पुष्टि भएको।<br>• प्र. स्वमले मौका र अदालत समक्ष बयान गर्दा समेत"शिक्षक सेवा आयोगको करार सूचीको १६ नम्वरमा रहेको विस्ना साउद रो.नं. ७७३५००१३१४ मेरो होइन, करार सूचीमा विस्ना साउद नाम देखें र प्रवेश पत्र नै हराएकोले मेरै होला |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भनेर निवेदन गरेको र नियुक्ति लिएको हुँ स्वयं विस्ना साउद राष्ट्रिय मा.वि.मा आएको र उहाँको प्रवेश पत्र सहितको प्रमाण कागजहरु करार सूचीको रो.नं. र प्रवेश पत्रमा मिल्दा ऊ नै सक्कली भन्ने थाहा भयो भनी जिकिर लिएतापनि प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिमको आफूले शिक्षक सेवा आयोगमा परीक्षा दिएको भए आफ्नो प्रवेश पत्र र रोल नं. लगायतका कागजातहरु पेश गरी प्रमाण पुऱ्याउनु पर्ने प्रमाणको भार निजमा रहेकोमा निजले सो सम्बन्धमा कुनै प्रमाण कागजातहरु समेत पेश गर्न नसकेबाट निज उपरको आरोपदावी पुष्टि भएको,<br>• म जि.शि.का. कन्चनपुर आइ लिष्ट हेर्दा मेरो नामबाट करार शिक्षकमा नियुक्ति कृष्णपुर -१ पहरिया बस्ने विस्ना कुमारी साउद भन्ने महिलाले राष्ट्रिय .मा.बि.पहरीयामा करारमा नियुक्ति लिई जागिर गरिरहेको कुरा थाहा पाई उक्त बिद्यालयमा गई बुझ्दा मेरो नाममा जागीर खाएको कुरा साँचो देखिएको भन्ने सक्कली विस्ना कुमारी साउद (ना.प्र.नं.७४१०१५,डडेलधुरा) ले मौकामा गरेको कागज समेतबाट देखिएको र प्र.ले मनसाय र बदनियतपूर्वक शिक्षक सेवा आयोग करार सूचीमा रहेको अर्कै व्यक्तिको नाम मेरो हो भनी झुठ्ठा विवरण देखाई शिक्षक नियुक्ति दिई लाभ समेत प्राप्त गरी वारदात घटाएको पुष्टि भएको । |
| ५. | लालु गिरी (वि.अ.को मु.नं. ०७५-CR-०१९५, वि.अ.को फैसला मिति २०७९।०२।२७) | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र. लालु गिरीः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१८,५०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा३(१)(च) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• वेसरोकारका व्यक्तिहरु बीच भएको लेनदेन कारोवार प्रतिवादी लालु गिरी बिरुद्ध प्रमाणमा ग्राह्य हुन सक्दैन,<br>• काम सम्पन्न भइसकेपछि रिसवत दिनुपर्ने प्रयोजन नहुने भएकोले आरोपदावीमा भने जस्तो काममा अप्ठयारो पारिदिने, अनिष्ट गरिदिने भनी रिसवत माग गरेको र लिएको भन्ने अवस्था पत्यारलाग्दो दैखिदैन,<br>• उजूरकर्ताको प्रतिकूल बकपत्र समेतका आधारमा उजूरी व्यहोरा खण्डित हुन गएको देखिन्छ,<br>• रिसवत कसूर हुनको लागि ओहदाको दुरुपयोग गरेको (Abuse of Authority) अनुचित लाभ लिन मनसाय(Mala-fide intention) र अनुचित लाभ माग गरेको र स्वीकार गरेको(Solicitation) पुष्टि हुनुपर्ने । | • प्रतिवादी र निवेदक वेसरोकारका व्यक्ति नभई प्रतिवादीले सेवा उपलव्ध गराउनुपर्ने व्यक्ति रहेका। साथै, रकम जम्मा भएका खातावालवाट प्रतिवादीलेनै रकम बुझिलिएको पुष्टी भएको,<br>• रकम उपलव्ध नगराएको हकमा काम गर्न अप्ठ्यारो हुनुका साथै अन्तिम विल भुक्तानीको लागि समेत अप्ठ्यारो हुने कारण उजुरी निवेदक घुस रिसवत वापत रकम उपलव्ध गराउन वाध्य भएको,<br>• प्रतिवादीले सेवाग्राहीसँग घुस/रिसवत स्वरुप जम्मा रू १८,५०,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• उजूरी निवेदक, प्रतिवादी र निजका आफ्नतहरुको दवाव, अभाव र प्रभावमा परी प्रतिकुल वकपत्र गरेको देखिन्छ उक्त कुरालाई उजूरी निवेदकले मिति २०७५/११/०७ मा दिएको निवेदन र उक्त निवेदन साथ पेश गरेका एसएमएस म्यासेजहरुवाट समेत पुष्टि हुन आएको,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम प्राप्त गर्नको लागि ओहदाको दुरुपयोग गरेको, अनुचित लाभ लिन मनसाय रहेको तथा अनुचित लाभ माग गरेको र स्वीकार गरेको स-प्रमाण पुष्टि भएको। |
| ६. | देवजंग शाही (वि.अ. को | घुस/ रिसवत | •प्र. देवजंग शाहीः भ्र.नि. ऐन, २०५९ को दफा ३(३) को कसुरमा बिगो | <u>**फैसलाः**</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u> | • प्रतिवादी देवजंग शाहीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(३) अनुसारको कसुर गरेको पुष्टि भएको, तर त्यस्तो कार्यको जानकारी गराउनुका साथै अनुसन्धान कार्यमा आयोगलाई सहयोग पुर्याएको अवस्थामा मात्र दफा ५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | मु.नं. ०७६-CR-०००६, वि.अ. को फैसला मिति २०७९।२।२७) | लिई भ्रष्टाचार गरेको। | रु.१८,५०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा३(१)(च) बमोजिम सजाय हुन। | • अनुसन्धानको क्रममा गरेको सहयोगको प्रतिकूल कुनै अभियुक्तले वकपत्र गरेको भन्ने आधारमा मात्र आरोपदावी स्थापित हुने होईन, अर्थात प्रतिकूल वकपत्र आफैंमा आरोपदावीको कसूर गरेको प्रमाण होईन,<br>• लगाउ मुद्दाको रुपमा रहेको ०७५-CR-०१९५ मुद्दाका प्रतिवादी लालु गिरीले पनि आफूलाई देवजंग शाहीले रिसवत दिएको होईन भनि इन्कारी वयान गरेको र निज प्रतिवादीले आरोपदावीवाट सफाई पाउने ठहरी फैसला भएको। | बमोजिमको सहुलियत उपलव्ध गराईएको,<br>• पेश्की तथा रनिङ्ग विल भुक्तानी लिनको लागि पटक पटक गरी जम्मा रु.१८,५०,०००।- (अठार लाख पचास हजार) लालु गिरीलाई रिसवत दिई भुक्तानी लिएको सप्रमाण पुष्टी भएको,<br>• प्रतिवादी देवजंग शाहीले नै लालु गिरीलाई घुस रिसवत वापतको रकम रु.१८,५०,०००।—उपलव्ध गराएको हुँ भनी रकम दिएको भौचरहरु प्रमाण स्वरुप संलग्न गरी उजुरी निवेदन दिएको। उजुरी निवेदन सनाखत गर्नुका साथै मौकामा आयोग समक्ष समेत उजुरी निवेदन र आरोप मागदावी समर्थन हुने गरी वयान गरेको, अर्का प्रतिवादी लालु गिरीलाई रकम उपलव्ध गराएको भौचर समेत पेश गरेको। रकम जम्मा गरिदिने व्यक्तिहरुले समेत उजुरी व्यहोरा समर्थन हुने गरी वकपत्र गरिदिएको अवस्थामा लगाउ मुद्दाको रुपमा रहेको ०७५-CR-०१९५ मुद्दाका प्रतिवादी लालु गिरी र ०७६-CR-०००६ मुद्दाका प्रतिवादी देवजंग शाही उपरको आरोपमागदावी बमोजिम कसुर पुष्टी भएको। |
| ७. | सिकन्दर प्रसाद कानु (वि.अ. को मु.नं. ०७७-CR-००६२, वि.अ. को फैसला मिति २०७९।०३।०२) | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र. सिकन्दर प्रसाद कानुः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो ५०,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(ख)बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको देखिदां सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसला बमोजिम त्यसलाई प्रमाणमा ग्रहण गर्न मिल्ने देखिएन,<br>• उजूरवाला अदालतमा उपस्थित भै बकपत्र नगरेको अवस्थामा निजहरुको अनुसन्धान कागज र उजूरी निवेदन प्रमाण ऐनको दफा १८ बमोजिम प्रमाणमा ग्राह्य देखिएन,<br>• स्क्रिप्ट राइटिङ्गमा प्रतिवादीले घुस रकम माग गरेको देखिदैन भने प्रतिवादीको साथवाट घुस रिसवत वापतको रकम बरामद भएको पनि दैखिदैन,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस रिसवत वापतको रकम लिएको तथा घुस खाने मनसाय राखेको थियो, घुस मागेको थियो भन्ने पुष्टि नभएको,<br>• प्रतिवादीले घुस रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस रिसवत वापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम पर्याप्त प्रमाणद्वारा | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• दुवै जना उजुरी निवेदकले मौकामा आयोग समक्ष उपस्थित भै उजुरी निवेदन बमोजिम कागज गरिदिएको तथा उजुरी निवेदनको व्यहोरा समेत हस्तलिखित कागजद्वारा सनाखत गरिदिएको।उक्त हस्तलिखित कागज प्रमाण ऐन,२०३१ को दफा ९ अनुसार प्रमाणमा लिन मिल्ने अवस्था विद्यमान रहेको,<br>• उजूरकर्ता र निवेदक वीचको कुराकानीमा घुस रिसवत वापत रु.५०,०००।—माग गरेको देखिन आएको तथा घुस रकम वापतको रकम बुझिलिई अन्यत्र राख्न पठाएको हुँदा प्रतिवादीको साथ वाट वरामद नभएको,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम प्राप्त गर्नको लागि ओहदाको दुरुपयोग गरेको, अनुचित लाभ लिन मनसाय रहेको तथा अनुचित लाभ माग गरेको र स्वीकार गरेको सप्रमाण पुष्टि भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको तथा भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | परिपुष्टि हुनुपर्ने । | |
| ८. | प्रा.डा.राज कुमार रौनियार र रामहरि रौनियार (वि.अ. को मु.नं. ०७६-CR-००११, वि.अ. को फैसला मिति २०७९।०२।२५) | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. प्रा.डा.राज कुमार रौनियारः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु.१,२८,००,०००।- कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१)(झ)बमोजिम सजाय तथा बिगो जफत हुन मागदावी लिएकोमा हाल निज प्रतिवादीको मृत्यु भै सकेको हुँदा निजको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३३ बमोजिम बिगोमात्र जफत हुन।<br>• प्र. रामहरि रौनियारः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु.८,००,०००।-कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१)(ङ)बमोजिम सजाय तथा बिगो जफत हुन। | **फैसलाः** आरोपदावीबाट सफाई ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीहरु मौकामा र अदालतमा आरोपीत कसूरमा ईन्कार रही वयान गरेको,<br>• बरामद गरिएको रकम प्रतिवादी राजकुमार रौनियारको साथवाट बरामद गरिएको होईन भन्ने पुष्टि भएको,<br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको देखिदां उक्त रकम वरामदी तथा खानतलासी मुचुल्का, वरामद दशी, उजूरी, उजूरकर्ताको बकपत्र प्रमाणवाट अपवर्जन हुने,<br>• सि.डि.रेकर्डलाई आरोपदावी पुष्टि हुने विश्वसनीय प्रमाण मान्न सकिएन,<br>• निवेदक मार्फत प्रतिवादीलाई रकम उपलव्ध गराएका भनिएका व्यक्ति दिवाकर कार्कीलाई वादीले अदालतमा उपस्थित गराई अनुसन्धानको कागज सनाखत गराउन नसकेको,<br>• रिसवत कसूर हुनको लागि ओहदाको दुरुपयोग गरेको (Abuse of Authority), अनुचित लाभ लिन मनसाय(Mala-fide intention) र अनुचित लाभ माग गरेको र स्वीकार गरेको(Solicitation) पुष्टि हुनुपर्ने । | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• बरामदी गरिएको रकम उजुरी निवेदकवाट प्रतिवादी राज कुमार रौनीयारले रु.८,००,०००।– रकम रहेको एकिन गरी बुझिलिई आफ्ना भतिज अर्का प्रतिवादी रामहरी रौनियारलाई दिइ पठाएकोमा वी.पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरानको निवासवाट वरामद भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको तथा भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम प्राप्त गर्नको लागि ओहदाको दुरुपयोग गरेको, अनुचित लाभ लिन मनसाय रहेको तथा अनुचित लाभ माग गरेको र स्वीकार गरेको सप्रमाण पुष्टि भएको। |